८

# वातावरणीय सूचनाको हक

**कल्याण श्रेष्ठ**

सूचना र सञ्चार मानव समाजको सम्बन्धको परिचालन गर्ने मुख्य माध्यम, ज्ञानको स्रोत र शक्तिको आधार बनेको छ। नयाँ सूचना युगले मानव इतिहासमा कहिल्यै सम्भव नभएको बहुआयामिक, दूरगामी तथा आन्दोलनकारी परिवर्तन सम्भव बनाएको छ। फलतः अहिले सूचना र सञ्चार क्षेत्र मानिसको सम्पन्नता नाप्ने प्रमुख कडी बन्न गएको छ। अहिलेको समाज सूचना सम्पन्न वा सूचना विपन्नमा वर्गीकृत छ र स्रोत सम्पदा र वैभवको लाभ त्यसै आधारमा वितरित भएको समेत देखिन्छ। यो सूचना क्रान्तिको प्रभावलाई अनुभूत गर्न पाएको भए, स्वीडेनका एक सांसदले भनेझैँ, कार्ल मार्क्सले शायद पूँजीमा भन्दा सूचना र सञ्चारमा आफ्नो दर्शन लेख्थे होलान्। (...)

## मानव अधिकारका रूपमा सूचनाको हक

(...) सूचनाको हक मानव अधिकारको सर्वाधिक महत्वपूर्ण पक्षका रूपमा स्वीकार गरिएको छ यद्यपि यसका सीमा र हक प्रचलनका अवयव र अवसरहरूका सम्बन्धमा प्रश्नहरू उठेका छन्। व्यक्तिले आफ्नो दैनिक जीवनमा असर पार्ने कुरादेखि समाजमा लिइने निर्णयको सम्बन्धमा पहिले नै थाहा पाउनु पर्ने जरुरी हुन्छ जसको आधारमा उसको सोच बन्दछ र त्यो सोच उसको निर्णयमा परिलक्षित हुन्छ। सूचनाको हक आधारभूत रूपमा व्यक्तिको अभिव्यक्ति स्वतन्त्रताको विस्तारित रूपमा लिइन्छ। सूचनाको हक व्यापक परिधि भएको हक हो जसअन्तर्गत पत्रपत्रिका तथा छापाखानाको हक (नेपाल अधिराज्यको संविधान २०४७, धारा १२(२) र धारा १६ को सूचनाको हकसमेत) समावेश भएको मानिन्छ। त्यसो भन्नुको अर्थ हो यी सबै हकहरूको उपयोगिता वाक तथा अभिव्यक्ति स्वतन्त्रताको महत्वबाटै अनुप्राणित छन्। अन्तर्राष्ट्रिय कानूनका दस्तावेजहरूको सन्दर्भमा भन्ने हो भने विश्वव्यापी मानव अधिकारसम्बन्धी

१० जेठ २०६० मा मार्टिन चौतारी र न्याय मञ्चद्वारा काठमाडौंमा आयोजित 'सञ्चार र वातावरणीय न्याय' विषयक अन्तर्क्रिया कार्यक्रममा प्रस्तुत कार्यपत्रबाट उद्धृत।

घोषणा पत्रको धारा १८, २० र २९, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिको धारा १८, १९ र २१ को संयुक्त रूपलाई सूचनाको हक मानिन्छ। अन्य राष्ट्रको इतिहास केलाउने हो भने सूचनाको स्वतन्त्रताको हक सर्वप्रथम स्वीडेनमा १७६६ मा तथा फ्रान्स र संयुक्त राज्य अमेरिकामा सन् १७९१ मा अङ्गीकार गरेको पाइन्छ। राष्ट्रिय कानूनहरूमा एक-आपसमा पृथक व्यवस्था भएको पाइए पनि अन्तर्राष्ट्रिय कानूनको दृष्टिले सूचनाको हकअन्तर्गत अभिव्यक्ति स्वतन्त्रताको साथै सूचना प्राप्त गर्ने (to receive), दिने (to impart), र सूचना माग्ने (to seek) हक समेत पर्दछन्। त्यसबाट परिणाममा सूचना जान्ने हक (right to know) निर्माण भएको हुन्छ।

हामीले अक्सर आफ्नो विचार व्यक्त गर्ने हकमा जोड दिएका हुन्छौँ तर सूचनाका धारकबाट आफूलाई असर गर्ने सूचना प्राप्त गर्न हामीलाई कतिपय अवस्थामा जरुरी हुन्छ। त्यसैले आफूमा रहेको सूचना व्यक्त गर्नुको अतिरिक्त अरूसँग भएको सूचना प्राप्त गर्ने हकको महत्व पनि उत्तिकै छ। अभिव्यक्ति स्वतन्त्रताअन्तर्गत 'आफूले भन्न खोजेको कुरा विना बाधा-व्यवधान भन्न पाउने अधिकार' पर्छ। सूचनाको स्वतन्त्रताको हकअन्तर्गत सूचनाको धारकले इच्छा नगरे पनि ऊसँग रहेको सूचना प्राप्त गर्ने अधिकार नागरिक या सरोकारवालालाई हुन्छ। हामीलाई वाक स्वतन्त्रता नभए पनि सार्वजनिक अभिलेखमा राखिएका सूचनामा पहुँच जरुरी हुन्छ भने कतिपय अवस्थामा सम्प्रेषण गर्ने हिसाबले नराखिएका कुरामा पनि पहुँच आवश्यक पर्छ। त्यस अर्थमा सूचनाको स्वतन्त्रताको हक व्यापक देखिन आउँछ।

सूचनाको हक आफ्नो र आफ्नो परिवेश जान्नका लागि, सरकारलाई जनताप्रति उत्तरदायी बनाउनका लागि, जनताको निर्णयमा निपुणता ल्याउन तथा निर्णय क्षमता बढाउनका लागि समेत जरुरी छ। वास्तविक रूपमा सहभागितामूलक सूचनाको माध्यमद्वारा नै प्रजातन्त्रलाई सफल गराउन सकिन्छ। आवधिक रूपमा हुने निर्वाचनले भन्दा पनि जनताको थाहा पाउने अधिकारअन्तर्गत गरिने लविङ, दबाब, प्रतिनिधित्व वा बहसबाट प्रजातन्त्र बढी सहभागितामूलक हुन्छ भन्ने मानिन्छ। यही दृष्टिले सूचनाको स्वतन्त्रताको हकको सम्बन्धमा उदार व्यवस्थाहरू भइरहेको पाइन्छ।

## वातावरणीय सूचनाको हक

वातावरणीय सूचना पनि व्यापक अर्थमा लिइन्छ जसअन्तर्गत हावा, पानी, माटो, जीवजन्तु, वनस्पति, प्राकृतिक वासस्थान र अन्य भूमिको गुण र स्थितिसँग सम्बन्धित सूचना, तिनमा असर पार्ने गतिविधि एवं तिनको रोकथामका लागि लिइएका उपाय-समेत पर्दछन्। हाम्रो सन्दर्भमा वातावरण भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणालीहरू, आर्थिक तथा मानवीय क्रियाकलापहरू र यिनका अवयवहरू तथा ती अवयवहरूबीचको अन्तर्क्रिया तथा अन्तर्सम्बन्धलाई जनाउँछ (वातावरण संरक्षण ऐन २०५३, दफा २(क))। त्यस्तो अन्तर्क्रियाहरूबाट हुने सकारात्मक वा नकारात्मक परिणामका अवस्थासमेतको विषयलाई वातावरणीय सूचना मान्नुपर्ने हुन्छ। (...)

विकास गतिविधिहरू सुसञ्चालन भई वातावरणीय कानूनको समेत पालना गरी मानवमात्रको अधिकाधिक हित भएमा आदर्श विकास लक्ष्य प्राप्त भएको मान्न सकिन्छ। तर परिस्थिति त्यस्तो छैन । विकासको मापन आर्थिक वृद्धि र निपुणता अनुपातमा गरिएको छ। नवीकरण नहुने स्रोतहरूको समेत अन्धाधुन्ध दोहन भएको छ र स्रोत विलयको खतरा उत्पन्न भएको छ । विकासका लक्ष्यहरू विकसित र अविकसित देशहरूबीच मात्रै होइन, देशभित्रै पनि एक क्षेत्रबाट अर्को क्षेत्रबीच असमान रूपमा वितरित छन् । समाजमा जाति, लिङ्ग, वर्णको आधारमा स्रोतमा पहुँच वा नियन्त्रणको व्यवस्था छ । विकासका नकारात्मक परिणामहरू एक वर्ग वा क्षेत्रले बेहोर्नुपर्ने र लाभमा अर्को वर्गले एकाधिकार कायम गरेको छ । एउटा भाषिक वा सांस्कृतिक समुदायको मूल्यमा अर्कोले विकास वा विस्तारको दाबी गरिरहेको छ, सार्वजनिक हितका प्रश्नहरूलाई आर्थिक कारणहरूले पन्छाइरहेको छ । यी यावत प्रश्नले वातावरणीय न्यायका प्रश्नहरू अभूतपूर्व रूपले उठिरहेका पाइन्छन् । वातावरणीय न्यायको अवधारणाले वातावरणीय क्षतिको न्यायोचित वितरण गर्ने र प्राकृतिक स्रोत एवं तिनको उपयोगमा समान पहुँच दिलाउने कुरामा जोड दिन्छ। त्यसो हुनाले यो न्यायको अवधारणाले स्रोतहरूको दिगो उपयोगद्वारा सामाजिक न्यायको अन्य पहलुहरू जस्तै आर्थिक समानता, स्वास्थ्य हेरविचार, आवास, मानव अधिकार, स्रोत संरक्षण एवं न्यायोचित वितरण आदि कुरामा जोड दिन्छ । त्यसको केन्द्र भागमा समाजका सबै वर्गलाई वातावरणीय निर्णय प्रक्रियामा समान सहभागी बनाई वातावरणीय कानूनको तर्जुमा, विकास तथा कार्यान्वयन गराउने दृष्टिकोण रहेको हुन्छ । यस पृष्ठभूमिमा वातावरणीय न्यायको संवर्द्धन गर्न वातावरणीय सूचनाको हकको मान्यता र सञ्चारकर्मीको भूमिका महत्वपूर्ण रहेको स्पष्ट हुन्छ । (...)

वातावरणीय सूचनाको अभावले गर्दा भएका ठूल्ठूला दुर्घटनाहरू हाम्रा अगाडि छन् । भारतको भोपालमा कीटनाशक औषधी उत्पादक बहुराष्ट्रिय कम्पनी–युनियन कार्वाइड कम्पनी–मा सन् १९८४ मा भएको मिथायल आइसोसाइनेट (Methylisocynate) ग्यास दुर्घटनाबाट २,००० जनाको मृत्यु र २ लाखभन्दा बढी घाइते वा अपाङ्ग भएका थिए । अन्य धेरै श्रमिकहरू पछिसम्म प्रभावित हुँदै गरेको पाइएको थियो । सो दुर्घटनाको मूल कारण प्रविधि असफलता मात्रै नभएर उक्त प्रतिष्ठानबाट हुन सक्ने प्रतिकूल प्रभावहरूबारे स्थानीय जनतालाई थाहा नदिएको र ग्यासको प्रभावबारेमा आवश्यक सतर्कता समेत नअपनाएकोले दुर्घटनाले ठूलो क्षति निम्त्यायो । कामदार र स्थानीय जनताको अतिरिक्त आगामी दिनमा त्यस्तो प्रविधि हस्तान्तरण गर्ने निर्णय गर्दा पर्याप्त रूपमा सूचना प्रसार गरिनुपर्ने देखिन्छ। वास्तवमा भोपाल दुर्घटनापछि जनताको थाहा पाउने अधिकारप्रति उक्त कम्पनी रहेको अमेरिकामा नै पनि बढी संवेदनशीलता देखा परेको छ । अहिले यस्ता उद्योगहरूमा जोखिम व्यवस्थापनको सञ्जाल खडा गरी उद्योग, सरकार र जनताबीच सूचना प्रसार हुन अनिवार्य छ भन्ने मानिएको छ ।

हानिकारक फोहर वा विषादीको अन्तरदेशीय स्थानान्तरण गर्ने, थुपार्ने वा जैविक पदार्थहरूको ओसारपसारसम्बन्धी कार्टागेना प्रोटोकलजस्ता सन्धि एवं प्रोटोकलहरू सम्पन्न भैसकेका छन् । ती पदार्थहरूको स्थानान्तरण तथा सङ्कलन गर्दा गम्भीर वातावरणीय जोखिमहरू हुने हुनाले निर्यातकर्ताले अग्रिम सूचना दिनुपर्ने र आयातकर्ताले पनि आवश्यक पूर्वाधारहरूसहित जोखिम एवं सतर्कतासम्बन्धी सूचनाहरूको व्यवस्था गरेर मात्रै आयात गर्न दिने र जनता सुसूचित हुनुपर्नेमा जोड दिइएको छ ।

शहरी क्षेत्रबाट निस्कने फोहरहरू लगेर डम्पिङ गर्ने, ल्याण्डफिल साइट निर्माण गर्दा फोहरहरू दबाउने आदि काम गरेपछि ती स्थानमा बसोबास एवं निर्माण कार्य अघि बढाउँदा जमिनमुनिको पानी प्रदूषित हुने, ग्यास विस्फोट हुने आदिजस्ता कतिपय दुर्घटनाहरू हुन सक्छन् । यस्ता जोखिमबाट बचाउन सूचना प्रवाहको महत्व धेरै छ । सरकारले खतरनाक सुविधाहरू (खतरनाक फोहर फाल्ने, विषादी उत्पादन गर्ने आदि) को स्थापना गर्नुअघि त्यस्तो उद्योग स्थापना हुने ठाउँको बारेमा सूचना प्रवाह गरी जनताको राय लिन समेत जरुरी हुन्छ । ब्रटल्यान्ड कमिशनले भनेको छ– “खासखास ठूला आयोजनाहरूको हकमा विकास र वातावरणको प्रभावबारे जनताको भिन्न ढङ्गको सहभागिता जरुरी हुन्छ । सार्वजनिक जाँचबुझ र सुनुवाइले विभिन्न अभिमतहरू बुझ्न सहयोग पुऱ्याउँछ । सूचनामा खुला पहुँच र प्राविधिक विशेषज्ञताको वैकल्पिक उपलब्धताले सार्वजनिक छलफलमा आधार प्रदान गर्छ । जबजब प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव व्यापक हुन्छ, त्यसको सार्वजनिक परीक्षण बाध्यात्मक हुन्छ र सम्भव भएमा त्यस किसिमको निर्माणपूर्व सार्वजनिक समर्थन गराइनुपर्छ, सम्भव भएमा जनमत सङ्ग्रहसमेत गरिनुपर्छ ।”

वातावरण संरक्षण ऐन, २०५३ को दफा ३ ले आयोजना सञ्चालन गर्नुअघि प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तो प्रभाव मूल्याङ्कन गराउनुको मुख्य उद्देश्य अन्य कामको अतिरिक्त आयोजनाको सम्भावना र वातावरणीय अनुकूलता र त्यसबाट स्थानीय जनतालाई पर्ने लाभ वा हानिजस्ता असरको अध्ययन गर्नु हो । त्यस प्रयोजनका लागि क्षेत्र निर्धारण गरी स्थानीय निकायलगायत स्थानीय जनतालाई सुझाव दिने मौका दिनुपर्ने र प्राप्त सुझावमा विचार गर्नुपर्ने समेत व्यवस्था वातावरण संरक्षण नियमावलीमा छ । वास्तवमा यो प्रक्रिया ज्यादै महत्वपूर्ण छ । यसले सुसूचित जनताको अभिमतको आवश्यकता मान्दछ । जैविक विविधता महासन्धिको धारा १६ ले पनि स्थानीय जनताको सुसूचित अभिमतको आधारमा मात्रै स्थानीय जैविक स्रोतको खोज वा उपयोग गर्ने कुरामा जोड दिएको छ । यसरी अन्त-र्राष्ट्रिय एवं र राष्ट्रिय कानूनले जनसहभागिता मात्रै होइन, सुसूचित जनसहमति र सहभागिताको आवश्यकतालाई हृदयङ्गम गरेको र वास्तविक निर्णयकर्ताको स्थान दिलाउन खोजेको पाइन्छ । यस अर्थमा वातावरणीय सूचनामा जनसाधारणको पहुँच महत्वपूर्ण हुन आउँछ । तर त्यस प्रयोजनका लागि सूचना कसरी उपलब्ध गराउने भन्ने समस्या छ । जनतालाई आफ्नो सूचनाको हक छ भन्ने थाहा भएको पाइँदैन, भए पनि

प्रक्रियात्मक अनिश्चितता छ । सूचना सम्प्रेषण गर्नेले जनताको पहुँचभित्र रहने गरी दिएको हुँदैन । जनताका लागि राखिएको सूचनाहरू ठूलो ठूलो पुस्तकाकारमा हुने, भाषा पनि नबुझिने र अझ अङ्ग्रेजीमा हुने, पायक नपर्ने ठाउँ वा अनुकूल नभएको दिनमा खुला गर्ने, शुल्क धेरै लाग्ने, आदि धेरै समस्या छन् ।

संविधानको धारा १६ ले सार्वजनिक महत्वका सूचना प्राप्त गर्ने हक दिए पनि कानून बनाई सूचना नदिने व्यवस्था गर्न सक्ने पनि व्यवस्था गरेको छ । वातावरणीय सूचना सार्वजनिक महत्व भएकोले दिनुपर्नेमा विवाद नभएको भए पनि संविधानको भावनाविपरीत सरकारी संयन्त्र गोप्यताको सिद्धान्तहरूको आधारमा चलेको देखिन्छ। उक्त धारा १६ का लागि कानून पनि नबनाउने र सूचना पनि नदिने दुवै प्रवृत्ति छ । गोप्य छाप लगाएको भरमा सूचना गोप्य हुने परम्परा अहिले पनि विद्यमान रहनु विडम्बना हो । कुनै सूचना गोप्य मान्नलाई सरकारले कानून बनाई सोअन्तर्गत सूचिकृत गरिएको हुनुपर्दछ, तर त्यसो नगरीकनै सरकारी सूचनाहरू गोप्य बनाउने गरिएबाट तिनमा जनताको सहज पहुँच सम्भव छैन । मूलतः जनताले अपेक्षित मात्रामा सुसूचित भएर सक्षम सहभागिता राख्न सकेका छैनन् । संविधानको धारा १६ ले हामीलाई उदार प्रणालीतर्फ अभिमुख गराएको छ यद्यपि व्यवहारमा हाम्रो सूचना प्रणाली सरकारले खुला गरेकोमा बाहेक गोप्य रहने वर्गमा पर्न गएको छ ।

यस सम्बन्धमा विगतमा अरूण तेस्रो आयोजनासम्बन्धमा सूचना माग गर्दै दायर गरिएको मुद्दा महत्वपूर्ण छ । त्यस्ता आयोजनासँग सम्बन्धित सूचना दिने बारेमा खास व्यवधान नभए पनि प्रक्रियामा समस्या आएको देखिन्छ। निवेदकले सबै कागजात माग्ने, सरकार र नेपाल विद्युत प्राधिकरणले 'धेरै कागजात भएको' जिकिर गरेकोमा निवेदकले सूचना माग गर्ने विषयमा कानूनको अझै प्रक्रिया निश्चित हुन बाँकी भएको ठहराई त्यो नबनुन्जेल छोटो समयका लागि प्रक्रिया तोकेर निवेदकले चाहिने कागज माग्न जान सक्ने गरी सर्वोच्च अदालतले निर्णय गरेको पाइन्छ। त्यस आयोजनाबाट असर पर्न सक्ने जनता धेरै हुने भए पनि कतिले सूचना मागे होलान् ? विचारणीय छ ।

यथार्थमा वातावरणीय प्रभाव मूल्याङ्कन आदि प्रयोजनका लागि सार्वजनिक लिखतको निरीक्षण गर्न दिँदा वा सूचना माग गर्ने अधिकारको व्यवस्था गर्दा पनि किन वाञ्छित मात्रामा लिखत निरीक्षण गर्न वा सूचना माग्न जाँदैनन् भन्ने कुरा विचार गरेर सूचनाहरूबारे जानकारी दिई कसरी सरल रूपमा, बुझिने भाषामा, सस्तो रूपमा पायक पर्ने ठाउँमा प्राप्त गर्न सक्ने गरी उपयोगकर्ताको सुविधाअनुकूल सूचना उपलब्ध गराउने भन्नेतर्फ सोच्न जरुरी छ । अभिलेख-कागजात महँगो हुने भएकोले वैकल्पिक उपाय के हुन सक्छ, सोच्न सकिन्छ । खुला सूचना प्रणाली महँगो हुने भए पनि मूल्यको कारणले गोपनीयता ग्राह्य हुँदैन । ग्रामीण जनतालाई लिखत देखाइदिएर मात्र पुग्दैन, त्यसको अर्थ पनि बुझाउनु पर्ने अवस्था छ । यो पनि एउटा विचारणीय पक्ष छ ।

उपर्युक्त प्रावधानहरू जनताको थाहा पाउने हकअन्तर्गतका कुरा भएकाले त्यसलाई सारभूत, प्रचलन गराउन सकिने, आफैंमा पूर्ण र विशेष हकको रूपमा व्यवस्थित गर्नुपर्ने देखिन्छ। जनताले मागेको सूचना असल नियत र सही उद्देश्यले भएसम्म इन्कार गर्न नमिल्ने र सूचना माग गर्दा सरकारी अनियमितता भएमा मात्रै सूचना माग गर्न सक्छ भन्ने जरुरी नभएको स्पष्ट देखिन्छ।

निचोडमा, वातावरणीय सूचनाको हकले वातावरणीय कानूनको प्रशासनमा सघाउ पुऱ्याउन, सरकारलाई आफ्नो कामबारे उत्तरदायी बनाउन, सरकारले आफ्नो कर्तव्य पूरा नगरेमा वा वातावरणीय क्षति भई जनतालाई नोक्सान भए जनताको तर्फबाट प्रदूषकउपर मुद्दा चलाउन सामग्री जुटाउन र वातावरण संरक्षण ऐनको कार्यान्वयनस्तरको मूल्याङ्कन र अनुगमन गर्न सहयोग गर्ने स्पष्ट हुन्छ। पर्याप्त सूचनाको हकको अभावमा वातावरणीय निर्णय प्रक्रियामा जनसहभागिता अवरुद्ध वा निष्प्रभावी हुने र प्रतिष्ठान र जनताबीच पनि द्वन्द्व हुने निश्चित छ। त्यसैले यो हकबारे जनतामा जागरुकता दिलाउन र स्वयं तथा जनतालाई सो हकको प्रचलनमा सक्रिय रहन सञ्चार जगतले अग्रणी भूमिका खेल्नुपरेको छ।

## वातावरणीय सूचनाको हकको सीमा

वातावरणीय सूचनाको हक अभिव्यक्ति स्वतन्त्रताको विस्तार हो भनी अघि नै भनिसकिएको छ। राज्य वा उद्योगका सबै सूचनाहरू सार्वजनिक महत्वका नहुन पनि सक्छन् र सूचनाको हक निरपेक्ष हक पनि नमानिएकोले यसका सीमा अन्यत्रझैँ हामीकहाँ पनि हुनु स्वाभाविक छ। तर हामीकहाँ भएको सीमाबारे संविधानमा स्पष्ट नगरिएको र कानूनद्वारा सूचना दिन बाध्य वा कर लगाउन नमिल्ने व्यवस्था गर्न सक्ने प्रावधान गरेको भए पनि हालसम्म न त लिखतको गोपनीयतासम्बन्धी ऐन लागू गरियो न त संविधानको धारा १६ अनुकूल कुनै कानून बनाइयो। यसले गर्दा सूचनाको गोप्यताको सीमासम्बन्धी प्रश्न उठिरहन सक्ने देखिन्छ।

वातावरणीय सूचना सार्वजनिक सूचना भनिने हुनाले त्यस्तो सूचना खुला गर्नेतर्फ नै प्रायः अनुमान गर्नुपर्ने हुन्छ। सरकारले आफ्नो अभिलेखबाट वा आफूसमक्ष प्राप्त कुनै सूचना कानूनबमोजिम माग्न आएमा दिनुपर्ने हुन्छ। वातावरणीय सूचना अवरोध गरेमा वा अल्पसूचना दिएमा जनता, उद्योग र सरकारबीच असमझदारी बढ्न जान्छ। त्यसले शङ्का र भय जन्माउँछ। कुनै सम्भावित सङ्कटबारे सम्पूर्ण सूचना प्रवाहित गरेमा मात्रै जनताको विश्वास आर्जन गरी वातावरणमा विद्यमान जोखिम वा त्यसलाई निप्टने उपायबारे खुला छलफल हुन सक्तछ। प्रायः आरोपित प्रदूषक उद्योगले दिएको सफाइको भरमा जनताले विश्वास नगर्ने मानसिकता बनाएको हुन्छ र उसको भन्दा दबाब समूह वा पत्रकार जगतले दिएको सूचनालाई नै पत्याउने अवस्था आउँछ।

राज्यले वातावरण संरक्षण ऐन बनाएर कानून कार्यान्वयन इकाइसमेत गठित गरेपछि अरूलाई त्यस्तो सूचनाको हक किन जरुरी हुन्छ ? त्यसबाट व्यापारिक जगतमा प्रतिकूल

प्रभाव मात्रै पर्दछ भन्ने जस्ता तर्कहरू पनि अघि सारिएको पाइन्छ। यथार्थमा सार्वजनिक कानून कार्यान्वयन इकाइहरू सोचेभन्दा धेरै कम प्रभावकारी पाइएको छ र वैकल्पिक रूपमा निजी क्षेत्रले कानून कार्यान्वयनमा अग्रसरता लिनुपरेको अनुभव हामीसँग छ। कतिपय कानून उल्लङ्घनका घटनाहरू बाहिरबाट नै पहिले जाहेर हुन आउँछन् भने कानून कार्यान्वयन गर्ने वा अनुगमन गर्ने काम सरकारको मात्रै हुँदा पनि होइन। त्यसैले सरकारले पनि जनताले दिएको रखवारीलाई सकारात्मक रूपमा लिन जरुरी छ।

वातावरणीय सूचनाको हकको सम्बन्धमा खास अवधारणा नै अघि बढिसकेको नपाइए पनि अन्तर्राष्ट्रिय मान्यताको आधारमा राष्ट्रिय सुरक्षा, विशुद्ध व्यापारिक गोपनीयता, न्यायिक विचाराधीन विषय, आन्तरिक निर्णय प्रक्रियामा विचाराधीन विषयहरूबारे सूचना दिन जरुरी मानिएको छैन।

अष्ट्रेलियाको सूचना स्वतन्त्रतासम्बन्धी ऐन, सन् १९८२ अन्तर्गत निम्न लिखतहरू सार्वजनिक गर्न बाध्य नहुने व्यवस्था गरिएको छ।

- कानूनद्वारा सार्वजनिक रूपमा प्रकाशित गर्नु नपर्ने लिखत
- कुनै खास व्यक्ति वा निकायसमक्ष स्वीकृतिका लागि तयार पारिएको लिखत
- कुनै लिखतको जानकारी दिँदा सार्वजनिक हितविरुद्ध हुने भएको लिखत
- व्यवस्थापिका समक्ष पेश गर्नुपर्ने लिखत त्यहीँ पेश नगरीकन अरूलाई उपलब्ध गराउन हुँदैन
- आन्तरिक टिप्पणी वा रायसम्बन्धी कागजातहरू
- राज्यको अर्थव्यवस्थालाई असर पार्ने लिखतहरू

कानूनद्वारा सूचनाहरूको जानकारी दिन बाध्य गराउन नसक्ने भए पनि स्वाभाविक रूपमा वातावरणीय सूचनाहरूको निषेधात्मक सूचि लामो हुन नसक्ने स्पष्ट छ।

व्यक्ति वा सरकार जसले सूचना दिन इन्कार गरेको भए पनि सूचना गोप्य राख्नुपर्ने कारण र औचित्य त्यस्तो पक्षले नै खुलाउनुपर्छ। कानूनबमोजिम दिनुपर्ने सूचना नदिएमा न्यायिक उपचार पनि खोज्न सकिन्छ।

आजकल वातावरणसम्बन्धी अद्यावधिक सूचना जनतालाई दिन कतिपय देशमा वातावरणीय अवस्था प्रतिवेदन (State of Environment Report) पनि जारी गर्ने गरिएको छ। जस्तै– न्यूजिल्यान्डमा त्यस्तो प्रतिवेदनमा हावा, पानीको गुणस्तर, जैविक विविधता, भूव्यवस्थापन, फोहरमैला व्यवस्थापन, ऊर्जा, हावापानीको परिवर्तन, ओजोन तहको क्षय र किटनाशक आदिबारे विवरण समावेश गरिन्छ।[१] वातावरणीय लेखापरीक्षण गर्ने हिसाबले यो प्रक्रिया महत्वपूर्ण मानिएको छ। (...) ♦

[१] नेपालमा पनि सरकारले स्टेट अफ एन्भारन्मेन्ट भनेर २-३ वटा रिपोर्ट प्रकाशन गरिसकेको छ। भारतमा सिटिजन्स रिपोर्ट सीएसइ ले निकाल्छ र नेपालमा पनि दुईवटा सिटिजन्स रिपोर्ट प्रकाशित छन्।